// नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, चैत १९ गते २०५८ साल (अतिरिक्ताङ्क ७५(ख)

# भाग ३

श्री ५ को सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

### कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति सम्झनु पर्छ ।

(ख) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी तथा माछा जस्ता ताजा वा नाशवान् वस्तु सम्झनु पर्छ ।

(ग) "बजार" भन्नाले कृषि वस्तु वा समितिले तोकेको अन्य वस्तुको खरीद बिक्री सम्बन्धी क्रियाकलाप गरिने स्थान सम्झनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(च) "सेवा शुल्क" भन्नाले बजारस्थलमा उपलब्ध गराएको सेवा र सुविधा बापतको इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए बापतको भाडा वा अन्य प्रदत्त सेवा सुविधाको शुल्क सम्झनु पर्दछ ।

(छ) "कार्यकारी निर्देशक" भन्नाले दफा ९ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठन : (१) कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति नामको एक समिति गठन गरिएकोछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन् :-

(क) श्री ५ को सरकारबाट मनोनीत व्यक्ति -अध्यक्ष

(ख) प्रतिनिधि, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ग) वडा अध्यक्ष, काठमाडौं महानगरपालिका, वडा नं. १३ -सदस्य

(घ) प्रमुख, कृषि बजार निर्देशनालय, कृषि विभाग -सदस्य

(ङ) कालीमाटी फलफूल तथा तरकारी बजारमा व्यवसाय गरी बसेका फलफूल तथा तरकारी व्यवसायी मध्येबाट श्री ५ को सरकारले तोकेको तीनजना प्रतिनिधि -सदस्य

(च) श्री ५ को सरकारद्वारा मनोनित सम्बन्धित विषयका विशेषज्ञ एक जना -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य-सचिव ।

(३) उपदफा २ को खण्ड (क), (ङ) तथा (च) बमोजिमको अध्यक्ष तथा सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनीत हुन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिको सदस्यहरुमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण, सुरक्षा, संचालन र सम्भार गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) समितिका तर्फबाट करार वा सम्झौताहरु गर्न, गराउन स्वीकृति प्रदान गर्ने,

(ग) बिक्रीस्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय, आदि सेवा सुविधा उपलब्ध गराउने,

(घ) मिसावट भएका तथा अस्वस्थ्यकर कृषि वस्तु बजारमा बिक्री वितरण गर्न रोक्ने,

(ङ) कृषि वस्तुको ग्रेडिङ्गको स्तर निर्धारण गर्ने र ग्रेडिङ्ग तथा उपयुक्त प्याकिङ्ग भएको कृषि वस्तुहरुको खरीद बिक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,

(च) कृषि वस्तुको कारोबारमा बजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,

(छ) बजार भित्रको सेवा सुविधाहरुको शुल्क एवं भाडा निर्धारण गर्ने र असूल गर्ने कार्यविधि स्वीकृत गर्ने,

(ज) बजारको विकास तथा संवर्द्धनका लागि योजना तर्जुमा गर्ने,

(झ) कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,

(ञ) कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,

(ट) बजारमा हुने क्रियाकलापहरुको निरिक्षण तथा सुपरीवेक्षण गर्ने,

(ठ) कृषि वस्तुको खरीद बिक्री लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,

(ड) व्यापारी, कृषक तथा समितिका कर्मचारीहरुलाई तालिम दिने व्यवस्था गर्ने,

(ढ) आफ्नो कोषको रकमबाट जग्गा खरीद गर्ने, भवन निमार्ण गर्ने, आवश्यक मेसिनरी खरीद गर्ने तथा भौतिक सुविधाहरु भाडामा दिने,

(ण) कृषि बजार प्रवर्द्धन गर्ने कार्यको सिलसिलामा आफ्नै जमानीमा ऋण लिने,

(त) आफ्नो श्रोतबाट बजार संचालन गर्ने उद्देश्यको लागि अन्य निकायबाट बजार संरचनाहरु भाडामा लिने वा खरीद गर्ने,

(थ) बजार प्रवर्द्धन कार्यमा आफ्नो श्रोतबाट रकम लगानी गर्ने,

(द) संभाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था मिलाउने,

(ध) बजारभित्र बिक्री वितरण हुने कृषि वस्तुहरुको गुणस्तर प्रचलित कानून बमोजिम भए नभएको सुपरीवेक्षण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(न) आवश्यकतानुसार कृषि बजार विशेषज्ञलाई सल्लाहकारको रुपमा करारमा नियुक्त गर्ने,

(प) बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफूल तथा तरकारी संकलन केन्द्र, बजारको स्थापना वा श्री ५ को सरकार वा अन्य निकायबाट निर्मित वा संचालित स-साना बजारहरुलाई संचालन गर्ने अभिप्रायले आफ्नो कार्य क्षेत्र विस्तार गर्ने,

(फ) आफ्ना मातहतमा संचालन भएका विभिन्न ईकाइहरुलाई आवश्यकता अनुसार एकीकृत गर्ने वा विभाजन गर्ने,

(ब) कृषि वस्तुका खरीद बिक्रीसंग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने।

५. समितिको बैठक र निर्णय : (१) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना कम्तिमा तीन दिन अगावै सदस्यलाई दिनु पर्नेछ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(३) समितिको कुल सदस्य संख्याको कम्तिमा पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनसक्नेछ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिले आवश्यक देखेमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. समितिको कोष: (१) समितिको एउटा छुट्टै कोष हुनेछ र समितिको कोषमा देहायका रकमहरु रहने छन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा व्यक्ति वा संस्था वा अन्तरराष्ट्रिय संघ-संस्थाबाट प्राप्त हुने रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू मातहतका कर्मचारीहरुको कार्य विभाजन, परिचालन र मूल्यांकन गर्ने,

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने,

(ग) बजार विकास तथा व्यवस्थापन कार्यको लागि योजना तथा कार्यक्रम तर्जुमा गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(घ) बजारको सञ्चालन प्रभावकारी र समुचित ढंगले गर्ने,

(ङ) समितिको दैनिक प्रशासकीय कार्य संचालन गर्ने,

(च) वार्षिक कार्यक्रम तथा बजेटको अनुगमन तथा मूल्यांकन गर्ने,

(छ) समितिद्वारा संचालित विभिन्न बजार क्षेत्र तथा इकाइको क्रियाकलापको समन्वय गर्ने,

(ज) बजार संचालनमा देखा परेका मुख्य-मुख्य व्यवधानहरु पहिचान गरी समितिको सल्लाह लिई समाधान गर्ने,

(झ) बजार सुचारुरुपमा संचालन गर्न आवश्यक पर्ने अधिकार प्रत्यायोजन गर्ने र प्रत्यायोजित अधिकार अनुसार कार्य भए नभएको यकीन गर्ने,

(ञ) यस आदेश र समितिको अन्य नियमावली अनुसारका कार्यहरु गर्ने गराउने ।

११. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. समितिका कर्मचारी : (१) समितिमा तोकिए बमोजिमको पद र संख्यामा कर्मचारी रहने छन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछ ।

१३. बैठक भत्ता तथा अन्य सुविधा : सदस्यले पाउने बैठक भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १५२६

१४. अधिकार प्रत्यायोजन : समितिले आवश्यकता अनुसार आफ्नो केही अधिकार कुनै सदस्य वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. प्रतिवेदन पेश गर्नु पर्ने: समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ ।

१६. श्री ५ को सरकारले निर्देशन दिन सक्ने : श्री ५ को सरकारले समितिलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१७. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि तथा सहकारी मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१८. समितिको कार्यालय : समितिको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

१९. नियम बनाउने अधिकार: यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले आवश्यक नियमहरू बनाउन सक्नेछ र यस्ता नियमहरु श्री ५ को सरकारबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

२०. खारेजी तथा बचाउ : (१) कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१ खारेज गरिएको छ ।

(२) कालीमाटी फलफूल तथा तरकारी थोक बजार विकास समिति (गठन) आदेश, २०५१ बमोजिम भए गरेका काम कारवाही यसै आदेश बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

डा. सुरेन्द्र कुमार श्रेष्ठ

श्री ५ को सरकारको का.मु.सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

9235

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।